# भाग १

# काठमाडौँ महानगरपालिका छात्रवृत्ति कार्यविधि, २०७९

**प्रस्तावना :** काठमाडौँ महानगरपालिकाबाट विपन्न तथा जेहेन्दार विद्यार्थीलाई उपलब्ध गराइने छात्रवृत्ति व्यवस्थित, पारदर्शी र लक्षित व्यक्ति केन्द्रित बनाउन निश्चित मापदण्ड र योग्यता आवश्यक भएकोले काठमाडौँ महानगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाको मिति २०७९।०९।१८ को बैठकले यो छात्रवृत्ति कार्यविधि, २०७९ स्वीकृत गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **"काठमाडौँ महानगरपालिका छात्रवृत्ती कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"कार्यपालिका"** भन्नाले काठमाडौँ महानगरपालिका नगर कार्यपालिका सम्झनुपर्छ ।

(ख) **"विभाग"** भन्नाले काठमाडौँ महानगरपालिकाको शिक्षा विभाग सम्झनुपर्छ ।

(ग) **"महानगरपालिका"** भन्नाले काठमाडौँ महानगरपालिका सम्झनुपर्छ ।

(घ) **"शिक्षा समिति"** भन्नाले काठमाडौं महानगरपालिकाको प्रमुखको अध्यक्षतामा गठित शिक्षा समिति सम्झनुपर्छ ।

(ङ) **"समिति"** भन्नाले दफा ४ बमोजिम गठित समिति सम्झनुपर्छ ।

(च) **"सामाजिक समिति"** भन्नाले काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाअन्तर्गतको विषयगत समितिको रूपमा क्रियाशील सामाजिक समिति सम्झनुपर्छ ।

(छ) **"शैक्षिक संस्था"** भन्नाले प्रचलित नेपाल कानुनबमोजिम स्थापना भएको विश्वविद्यालय, अध्ययन संस्थान, क्याम्पस वा विद्यालयसमेत सम्झनुपर्छ ।

## परिच्छेद- २
## छात्रवृत्ति वितरणसम्बन्धी व्यवस्था

३. **छात्रवृत्ति उपलब्ध गराइने :** (१) महानगरपालिकाले प्रत्येक आर्थिक वर्षमा विनियोजित बजेटको सीमाभित्र रही विपन्न तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने छ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइने छात्रवृत्तिको मापदण्ड देहायबमोजिम हुने छ :

(क) छात्रवृत्ति शैक्षिक संस्थाद्वारा सञ्चालित शैक्षिक कार्यक्रमका लागि उपलब्ध हुने छ ।

(ख) छात्रवृत्ति माग गर्ने छात्र/छात्रा विपन्न र जेहेन्दार हुनुपर्ने छ ।

(ग) छात्रवृत्ति माग गर्ने छात्र/छात्रा महानगरबासी हुनुपर्ने छ ।

(घ) छात्रवृत्ति माग गर्ने छात्र/छात्राको परिवारको आर्थिक अवस्था विपन्न भई शैक्षिक संस्थालाई तिर्नु/बुझाउनुपर्ने शुल्क बुझाउन नसक्ने हुनुपर्छ ।

(ङ) छात्रवृत्ति माग गर्ने छात्र/छात्रा जेहेन्दार र लगनशील हुनुपर्छ ।

(३) यस दफाअन्तर्गतको छात्रवृत्ति महानगरपालिकाको जनप्रतिनिधिसमेतलाई उपलब्ध गराउन बाधा पुगेको मानिने छैन ।

४. **छात्रवृत्ति सिफारिस समिति :** (१) यो कार्यविधि बमोजिमको छात्रवृत्ति सिफारिस गर्न महानगरपालिकामा एक छात्रवृत्ति समिति रहने छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायबमोजिमका पदाधिकारी रहने छन् :

(क) संयोजक, सामाजिक समिति - संयोजक

(ख) प्रमुख, प्रशासन विभागका विभागीय - सदस्य

(ग) प्रमुख, वित्त विभागका विभागीय - सदस्य

(घ) प्रमुख, विभागका विभागीय - सदस्य सचिव

५. **समितिको काम, कर्तव्य र अधिकार :** छात्रवृत्ति सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) महानगरपालिकाले उपलब्ध गराउने छात्रवृत्तिको लागि सूचना प्रकाशन गर्ने, निवेदन प्राप्त गर्ने र छनोट गर्ने,

(ख) स्वीकृत बजेटको सीमाभित्र रही छात्रवृत्ति सिफारिस गर्ने,

(ग) महानगरपालिकाले उपलब्ध गराउने छात्रवृत्तिलाई लक्षित वर्ग केन्द्रित गरी सिफारिस गर्ने,

(घ) छात्रवृत्ति उपलब्ध गराउँदा वैज्ञानिक, न्यायिक, र पारदर्शी ढङ्गले गर्न/गराउन आवश्यक सर्त तथा मूल्याङ्कनका आधार तयार गरी काम गर्ने,

(ङ) कार्यपालिका तथा शिक्षा समितिले निर्दिष्ट गरेका अन्य कार्यहरू गर्ने/गराउने ।

६. **छात्रवृत्ति उपलब्ध गराउने शैक्षिक कार्यक्रमहरु :** महानगरपालिकाले देहायका शैक्षिक कार्यक्रमका लागि छात्रवृत्ति उपलब्ध गराउन सक्ने छ :

(क) एम.वि.वि.एस. कार्यक्रम
(ख) इन्जिनियरिङ
(ग) वातावरण विज्ञान
(घ) शिक्षा
(ङ) कानुन
(च) व्यवस्थापन
(छ) भाषा/साहित्य/समाजशास्त्र
(ज) पत्रकारिता

७. **छात्रवृत्तिको रकम :** महानगरपालिकाले उपलब्ध गराउने छात्रवृत्तिको रकम निर्धारण गर्दा समितिले देहायबमोजिम गर्न सक्नेछ ।

(क) छात्रवृत्तिको रकम निर्धारण गर्दा शैक्षिक कार्यक्रमको आधारमा एकमुष्ट, वर्षैपिच्छे बुझाउने किस्ता रकम वा शैक्षिक कार्यक्रमले निर्धारण गरेबमोजिम हुन सक्ने छ ।

(ख) महानगरपालिकाले उपलब्ध गराउने छात्रवृत्तिको रकम छात्रवृत्ति पाउने छात्र/छात्राको नाममा नगदै उपलब्ध

गराउने वा सम्बन्धित शैक्षिक संस्थाको खातामा जम्मा गरिदिन सक्ने छ,

८. **छात्रवृत्ति उपलब्ध गराउने अधिकारी :** (१) दफा ४ बमोजिम गठित समितिको सिफारिसको आधारमा महानगरपालिकाको शिक्षा समितिले छात्रवृत्ति उपलब्ध गराउने निर्णय गर्ने छ,

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी प्रक्रियागत कामकारबाही महानगरपालिकाको शिक्षा विभागले गर्ने छ ।

## परिच्छेद- ३
## विविध

९. **कबुलियत गर्नुपर्ने :** (१) यस कार्यविधिबमोजिम महानगरपालिकाबाट छात्रवृत्ति पाउने छात्र/छात्रा र निजको अभिभावकले छात्रवृत्तिबापत महानगरपालिकाबाट प्राप्त भएको रकम अन्य प्रयोजनमा खर्च नगर्ने तथा अध्ययन/अध्यापनमा तोकिएबमोजिम पूर्ण सदुपयोग गर्ने बेयहोराको कबुलियतनामा गर्नुपर्ने छ ।

(२) उपदफा (१) विपरीत छात्रवृत्तिबापत उपलब्ध गराएको रकम दुरुपयोग भएको पाइएमा त्यसरी उपलब्ध गराएको छात्रवृत्तिबापतको रकम महानगरपालिकाले असुलउपर गर्ने छ,

१०. **सेवा गर्नेसम्बन्धी व्यवस्था :** महानगरपलिकाबाट छात्रवृत्ति प्राप्त गरी अध्ययन गरेका छात्र/छात्राले स्वयम्सेवक वा इन्टर्नको रूपमा महानगरपालिकामा सेवा गर्न चाहेमा सेवा गर्ने उपयुक्त प्रबन्ध गरिने छ,

११. **प्रगति प्रतिवेदन पेस गर्नुपर्ने :** महानगरपालिकाबाट छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने छात्र/छात्राले वार्षिक रूपमा आफूले प्राप्त गरेको शैक्षिक प्रगति प्रतिवेदन महानगरपालिकामा पेस गर्नुपर्ने छ ।

१२. **कार्यविधि संशोधन :** यो कार्यविधिमा आवश्यकताअनुसार कार्यपालिकाले संशोधन गर्न सक्ने छ ।

१३. **बाधा, अड्काउ फुकाउने :** यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा, अड्काउ परेमा शिक्षा समितिले त्यस्तो बाधा, अड्काउ फुकाउन सक्ने छ ।

स्वीकृत मिति : २०७९ पुस १८

**आज्ञाले**
**बसन्त अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल प्रज्ञा-प्रतिष्ठान कमलादी, काठमाडौँमा मुद्रित । फुटकर मूल्य रु. २००/-